## सदस्यता शुल्क

Usdaw को सदस्यताको दर श्रमिक सङ्गठनहरूमा सबैभन्दा कम मध्येमा पर्छ, जसले प्रति दिन मात्र केही पेन्समा प्रथम-स्तरीय सुविधाहरू साथै व्यावसायिक सेवाहरू प्रदान गर्दछ।

## Usdaw मा सामेल हुने बारे थप जानकारीका लागि:

- तपाईंको Usdaw प्रतिनिधिलाई सम्पर्क गर्नुहोस्
- तपाईंको स्थानीय Usdaw कार्यालयमा सम्पर्क गर्नुहोस्
  **0800 030 80 30**
- हाम्रो वेबसाइटमा हेर्नुहोस्
  **www.usdaw.org.uk**

यस पर्चामा दिइएको जानकारी मुद्रण मिति – 04/2024 अनुसार सही छ।

USDAW

प्रकाशित गर्ने Usdaw
Voyager Building
2 Furness Quay
Salford Quays
Manchester M50 3XZ

# के तपाईं...

## एक्लो महसुस गर्नुहुँदैछ?

## काममा तपाईंको अधिकारबारे थाहा भएन?

## तपाईंलाई अङ्ग्रेजी सिक्न सहायता चाहिएको छ?

## Usdaw ले मद्दत गर्न सक्छ – हामी तपाईंको श्रमिक सङ्गठन हौं।

USDAW

# तपाईंले Usdaw मा सामेल हुने छ वटा असल कारणहरू – तपाईंको श्रमिक सङ्गठन।

Nepali

# तपाईंले Usdaw मा सामेल हुने छ वटा असल कारणहरू...

1. हामी हाम्रा सदस्यहरूलाई काममा उनीहरूको अधिकारहरू खोज्न सहायता गर्छौं। उदाहरणको लागि, तपाईंको निम्न अधिकारबारे तपाईंलाई थाहा छ:

   - वयस्कहरूका लागि निम्नतम ज्याला। यो हरेक साल बढ्छ र 1 अप्रिल 2024 देखि यस प्रकार छ:

     21 वर्ष वा माथिको व्यक्तिको लागि £11.44 प्रति घण्टा

     18-20 वर्षको व्यक्तिको लागि £8.60 प्रति घण्टा

     16-17 वर्षको व्यक्तिको लागि £6.40 प्रति घण्टा

   - एक वर्षमा 28 दिनको वैतनिक बिदा (प्रति हप्ता 5 दिन काम गर्नेलाई)।

   - दैनिक 11 घण्टाको विश्राम।

   - धेरैजसो कामदारहरूले तीन दिन भन्दा बढी बिरामी हुँदा बिरामी बिदा पाउने हक पाउँछन्।

2. हामी हाम्रो सदस्यहरूको समस्याहरू व्यवस्थापन समक्ष राख्छौं र अनुशासनात्मक सुनवाइहरूमा तपाईंको प्रतिनिधित्व गर्छौं।

3. हामी हाम्रो सदस्यहरूलाई निःशुल्क कानूनी परामर्श प्रदान गर्छौं साथै काममा हुने दुर्घटना, अनुचित खारेजी र भेदभावको स्थितिमा उनीहरूको प्रतिनिधित्व गर्छौं।

4. हामी हाम्रा सदस्यहरूलाई अङ्ग्रेजी, गणित र कम्प्यूटर जस्ता विविध प्रकारका तालीमहरूमा निःशुल्क सहभागिता प्रदान गर्छौं।

5. हामी जातिवाद विरुद्ध अभियान चलाउँछौं र सम्पूर्ण कामदारहरू माझ समान व्यवहारको प्रवर्द्धन गर्छौं।

6. हामी हाम्रो सदस्यहरूको काममा तलव र जीवन स्तरमा सुधार गर्ने तर्फ काम गर्छौं।

- हरेकले श्रमिक सङ्गठनमा सामेल हुन सक्छन्।
- श्रमिक सङ्गठनमा सहभागी हुने तपाईंको कानूनी अधिकार हो।
- तपाईं श्रमिक सङ्गठनको सदस्य हो भनेर तपाईंले आफ्नो रोजगारदातालाई भन्नु जरुरी छैन।
- तपाईं श्रमिक सङ्गठनको सदस्य भएको कारण कसैले पनि तपाईंसँग भेदभाव गर्नु गैर कानूनी हुन्छ।